# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## विकास सहायता समन्वय शाखा

पत्रसंख्याः ०७६/७७

च.नं : २३

मितिः२०७६।०४।१६

विषयः परिपत्र ।

श्री जिल्ला समन्वय समिति (सवै)
श्री स्थानीय तहहरु (सवै)

प्रस्तुत विषयमा स्थानीय तहका पदाधिकारीहरुको वैदेशिक भ्रमणलाई व्यवस्थित, मर्यादित र मितव्ययी वनाउने नेपाल सरकारको नीति अनुरुप मन्त्रिपरिषदबाट मिति २०७५।०६।०५मा "स्थानीय तहका पदाधिकारीहरुको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ " र " स्थानीय तहका कर्मचारीहरुको विदेश भ्रमण सम्वन्धी निर्देशिका, २०७५ " स्वीकृत भई सोही मिति देखि उक्त निर्देशिकाहरु कार्यान्वयन भईरहेको कुरा जानकारी भएकै होला ।

स्थानीय तहका पदाधिकारीहरुको भ्रमणलाई औचित्यपुर्ण र मितव्ययी वनाउँदै भ्रमण प्रतिनिधिमण्डललाई सके सम्म छरितो वनाउँदै , स्थानीय तहहरुलाई आर्थिक र सामाजिक रुपान्तरणमा प्रत्यक्ष सहयोग पुग्ने वैदेशिक सहयोग परिचालनमा मद्त पुर्याउने प्रकृतिका भ्रमण कार्यक्रमलाई मात्र स्वीकृती दिने नेपाल सरकारको नीति रहेको छ ।

वैदेशिक भ्रमणका सन्दर्भमा कतिपय स्थानीय तहहरुवाट सम्वन्धित स्थानीय तहलाई प्रत्यक्ष आर्थिक फाइदा नहुने कार्यक्रममा पनि वैदेशिक भ्रमणको प्रस्ताव पेश गर्ने र भ्रमण दलमा अनावश्यक रुपमा अत्यधिक सदस्यहरु समावेश गर्ने तथा विदेश स्थित विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था /व्यक्तिहरुवाट आफैंले आमन्त्रणपत्र मगाउने प्रवृति वढ्दै गईरहेको सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति२०७६।०४।१४ को (मा. मन्त्रिस्तर )निर्णयानुसार वैदेशिक भ्रमणका सम्वन्धमा मन्त्रालयमा प्रस्ताव पठाउँदा तपसिल वमोजिम गर्न गराउन हुन अनुरोध छ ।

तपसिलः

१. स्थानीय तहवाट वैदेशिक भ्रमण गर्दा आयोजक संस्थाले आतेजाते र वासखर्चको व्यवस्थापन गर्ने भएमा अधिकतम ३ (तीन)जना सम्मको भ्रमण टोली बनाई निर्देशिकामा उल्लेखित प्रकृया पुरा गरी आवश्यक कागजात साथ निर्णयका लागि पर्याप्त समय (कम्तीमा १५ दिन ) रहने गरी यस मन्त्रालयको सहमती माग गर्ने ।
२. आयोजकको तर्फवाट कुनै पनि खर्च नव्यहोने कार्यक्रममा स्थानीय तहको लागि अति आवश्यक पर्ने,कुनै प्रकारको प्राविधिक , वस्तुगत सहायता उपलव्ध गराउने खालका कार्यक्रममा वढीमा २(दुई ) जना सम्मको टोली बनाएर भ्रमणको लागि सहमती माग गर्ने ।
३. आयोजक संस्थाले कुनै पनि खर्च नव्यहोने कार्यक्रममा वैदेशिक भ्रमणको लागि सहमती/स्वीकृती नै माग नगर्ने ।

वोधार्थः श्री सूचना तथा प्रविधि शाखा,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मन्त्रालयको Website मा परिपत्र Upload गरी दिनुहुन )

२०७६।४।१६
लेखनाथ भट्टराई
शाखा अधिकृत